आज मिति २०७६।१२।०७ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं.३ ,वडा अध्यक्ष |
| श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री रामबहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम प्रस्तावना सम्बन्धमा ।
२. सडक मर्मत सम्भारका लागि योजना माग सम्बन्धमा ।
३. सडक पुल तथा झोलुङ्गे पुल माग सम्बन्धमा ।
४. जग्गा रजिष्ट्रेसन सम्बन्धमा ।
५. मर्मत सम्भार सम्बन्धमा ।
६. कोरोनाविरुद्धको सचेतना अभियान तथा बिपद् पूर्व तयारी सम्बन्धमा ।
७. इलाका प्रहरी कार्यालयका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

## निर्णयहरु :

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरुलाई परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना अनुसार यस गाउँपालिकामा दर्ता भएका तपसिल बमोजिमका प्रस्तावनाहरुलाई तपसिल अनुसार प्राथमिकीकरण गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | विद्यालयको नाम | कार्यक्रम प्रस्ताव | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नव सर्वसाधारण आ.वि. दार्मा-४ | अधुरो भवन निर्माण | १७,००,०००।- | |
| २. | वालकल्याण मा.वि. दार्मा-२ भुवनटाकुरी | फिल्ड तथा घेरबार | २५,००,०००।- | |
| ३. | राष्ट्रिय मा.वि. दार्मा-१ दार्माकोट | अधुरो भवन निर्माण | २५,००,०००।- | |
| ४. | जनज्योति मा.वि. दार्मा-३ फारुलाचौर | कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला | २५,००,०००।- | |
| ५. | सूर्योदय मा.वि. दार्मा-६ गोठीवन | - पर्याप्त पानी उपलब्ध भएको छात्राहरुको लागि चेन्जिङ रुमसहितको शौचालय निर्माण | २५,००,०००।- | |
| ६. | नेपाल राष्ट्रिय मा.वि. दार्मा-५ | - हरित विद्यालय वातावरण सुधार | ५,००,०००।- | |
| | | - पर्याप्त पानी सहित छात्राहरुको लागि चेन्जिङ रुमसहितको शौचालय | १४,००,०००।- | |
| | | - विद्यालय खेलमैदान निर्माण | ६,००,०००।- | |
| ७. | जनकल्याण आ.वि. दार्मा-५ भालुमारे | फिल्ड निर्माण | २५,००,०००।- | |
| ८. | नवचेतना प्रा.वि. दार्मा-५ मुलपानी | फिल्ड तथा खेलमैदान निर्माण | ४०,००,०००।- (चार लाख) | |
| ९. | लक्ष्मी आ.वि. दार्मा-६ ज्यामिरेचौर | इन्टरनेट सेवा विस्तार तथा स्मार्ट बोर्ड सुविधा | १६,४०,६००।- | |
| १०. | दलित जनजागरण प्रा.वि. | फिल्ड निर्माण तथा घेरबार | १०,००,०००।- | |
| ११. | नेपाल राष्ट्रिय आ.वि. दार्मा-५ काफलनेटा | अधुरो भवन निर्माण | २५,००,०००।- | |

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा दार्मा गाउँपालिकाअन्तर्गतका सडकहरुमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न नसक्ने अवस्था रहेको हुँदा सडक बोर्ड नेपाल तथा स्थानीय तहबीच सडक मर्मत कार्यको लागि तपसिल बमोजिमका सडकलाई प्राथमिकतामा राखी स्विकृतिका लागि आवश्यक कागजात संलग्न राखी सडक बोर्ड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो । साथै सडक मर्मतको लागि यस कार्यालयबाट लागत अनुमानको २० प्रतिशत बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | सडकखण्ड | लागत अनुमान (रु.) | कैफियत |
|---|---|---|---|
| १. | मौलाहाले-फारुला-दार्माकोट सडक | ३०,००,०००।- | |
| २. | वाङ्गेलाखुरी-सेताढाँर-फारुला-सिलिङ्गी सडक | ३०,००,००० | |

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा कर्णाली प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय वीरेन्द्रनगर सुर्खेतमार्फत स्थानीय पूर्वाधार विभाग श्रीमहल पुल्चोक ललितपुरमा तपसिल बमोजिमका सडकखण्डमा सडक पुल तथा झोलुङ्गे पुल माग गर्न आवश्यक कागजातसहित पठाउने निर्णय गरियो ।

तपसिल

| पक्की सडक पुलतर्फ | | | |
|---|---|---|---|
| क.सं. | सडकखण्ड | वडा नं. | कैफियत |
| १. | फारुलाखोला सडक पुल | ३ | |
| २. | खालीखोला सडक पुल | ४ | |
| ३. | साइटखोला सडक पुल | ५ | |
| ४. | दार्माखोला-बोजारी सडक पुल | ३ | |
| ५. | भूर्तिबाङखोला सडक पुल | ६ | |
| ६. | सिलिङ्गी खोला सडक पुल | २ | |
| झोलुङ्गे पुलतर्फ | | | |
| क.सं. | सडकखण्ड | वडा नं. | कैफियत |
| १. | साजाडाँडा-गतिना | ३ | |
| २. | भदालेखोला-भारावन | १ | |
| ३. | सौरेडाँडा-झ्यारिबाङ | २ | |
| ४. | पेदीखोला-कल्ले | ४ | |
| ५. | पसेला-स्याँलाखेत | ५ | |
| ६. | सेरागार-नुवारा | ६ | |

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा दार्मा गाउँपालिकामा बसपार्क निर्माणका लागि जग्गा दान दिन मिति २०७६।११।२७ गते आह्वान गरिएको सूचना बमोजिम दार्मा गाउँपालिका वडा नं. ३ बस्ने कालुराम खत्रीले तोकिएको चारकिल्ला भित्रको कि.नं. १११३, १७१४, १७१५ मध्येबाट कित्ताकाट गरी ४-०-०-० (चार रोपनी) जग्गा दान दिन इच्छुक रहेको भनी निवेदन दिएको हुँदा उक्त जग्गादान स्वीकार गरी रजिष्ट्रेशनका लागि वडा नं. ३ का वडा अध्यक्ष सेतीराम रोकाहा र वडा सचिव मोहन बुढाथोकीलाई जिम्मा दिने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा फारुला-दुबाङ आर.सी.सी. पुल, साइट किरण के.सी.को घट्टमिल, मौलाहाले-फारुला सडकखण्डअन्तर्गत हिमप्रकाश चन्द (वडा नं. ४) र टेकबहादुर वली (वडा नं. ३)को खेत र घट्ट संरक्षण गर्न मर्मत सम्भार गर्नुपर्ने भएकोले प्राविधिक लागत अनुमान गरी २०/२० हजारका दरले नबढ्ने गरी मर्मत गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं. ६** माथि छलफल गर्दा कोरोना भाइरस (कोभिड-१९) तीब्र गतिमा विश्वभर फैलिरहेको अवस्थामा सोको रोकथामका लागि तपसिल बमोजिमका कुराहरुमा सचेत रहन र तिनको कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

क) दार्मा गाउँपालिकाभित्र र आसपासका क्षेत्रमा कुनै पनि प्रकारका सभा, सम्मेलन, भेला, भोजभतेर, विवाह, ब्रतवन्ध, पाटी, पूजापाठ, ठूला बैठकलगायतका भिडभाड हुने कार्यक्रमहरुमा तत्कालका लागि पूर्णरुपमा प्रतिबन्ध लगाउने,

ख) सम्पूर्ण विद्यालयलगायतका शिक्षण संस्थामा पठनपाठन र परीक्षा, ट्युसन, कोचिङ आदि अर्को सूचना नभएसम्मका लागि पूर्ण रुपमा बन्द गर्ने,

ग) कुनै पनि पार्टी, सङ्गठन, संघसंस्थालगायतका ठूला बैठक, प्रशिक्षण, भेला, सम्मेलनलगायतका भिडभाडजन्य क्रियाकलापहरुमा पूर्ण रुपमा बन्देज गर्ने,

घ) व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन र घर-आँगन, टोल, बस्ती, बजारलगायतका व्यक्तिगत र सार्वजनिक स्थलहरुमा सफासुग्घर रहन तथा राख्न विशेष निर्देशन दिने,

ङ) गाउँपालिका स्वास्थ्य शाखालगायत ३ वटा स्वास्थ्यचौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, गाउँघर क्लिनिक, सबै स्वास्थ्यकर्मी (सरकारी तथा निजी), महिला स्वास्थ्य स्वयंसेविकालगायत सबैलाई आ-आफ्नो सेवा क्षेत्रमा नियमित खट्न र कुनै पनि बिदामा नबस्न विशेष निर्देशन दिने,

च) अत्यावश्यक काम बाहेक गाउँपालिका बाहिर तथा गाउँपालिकाभित्रका बजारलगायतका भिडभाड हुने क्षेत्रमा नजान र जानै परेमा आफ्नो स्वास्थ्य संस्थालाई सूचना दिन, उल्लेखित व्यक्तिहरुको स्वास्थ्यमा विशेष निगरानी राख्न तथा अपरिचित र अनाधिकृत व्यक्तिले दिएका वस्तु र औषधि प्रयोग नगर्न, गलत सूचना र हल्लाको पछि नलाग्न विशेष आग्रह गर्ने,

छ) अनाधिकृत सामाजिक सञ्जाल र सूचना नेटवर्कमा आउने सूचनालाई शेयर, कपि नगर्न, आधिकारिक सूचनालाई पालन गर्न, हल्लाको पछि लागेर नआत्तिन, नडराउन र त्यसखाले गलत तत्वलाई निगरानी र नियन्त्रण गर्न विशेष अनुरोध गर्ने,

ज) स्वास्थ्यकर्मीको सल्लाह/परामर्शअनुसार खानपान/बसउठ र दैनिकी गर्न/गराउन तथा चिसा, पेय पदार्थ, मदिरा, जङ्कफुड, फास्टफुड प्रयोग नगर्न/नगराउन विशेष आग्रह गर्ने ।

झ) एउटा मात्र व्यक्तिको सानो लापरबाहीले कोरोनाले भयानक रुप लिन सक्छ, प्रत्येक व्यक्तिको सरल र सहज जीवनयापन र आत्म अनुशासन तथा सरकार, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतको आधिकारिक संस्था र व्यक्तिको सही सूचना र निर्देशनको पालना गर्नाले विश्वव्यापी चुनौतिको रुपमा रहेको नोबल कोरोना भाइरस (कोविड-१९) बाट बच्न सहज हुने भएको हुँदा सोही बमोजिम कार्य गर्न सम्बन्धित सबैमा आग्रह गर्ने ।

बेलैमा सचेत बनौं, बनाऔं र सभ्य एवं स्वस्थ नागरिकको परिचय दिऔं ।

साथै तपसिल बमोजिमको कोरोना भाइरस विरुद्धको द्रुत प्रतिकार्य टोली गठन गर्ने निर्णय गरियो ।

**पालिकास्तरीय प्रतिकार्य टोली**

| क्र.सं. | नाम, थर | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १. | अमृत खड्का | संयोजक | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | दीपक चन्द | सदस्य | ढाकाडाम स्वास्थ्यचौकी | |
| ३. | आकाश चन्द | सदस्य | दार्माकोट स्वास्थ्यचौकी | |
| ४. | यमुना खड्का | सदस्य | महिला तथा बालबालिका शाखा | |
| ५. | जनक भण्डारी | सदस्य | इलाका प्रहरी कार्यालय, फारुला | |
| ६. | हस्तराम खड्का | सदस्य | पशु सेवा शाखा | |
| ७. | शेर प्रसाद ढकाल | सदस्य | युवा, शिक्षा तथा खेलकूद शाखा | |
| ८. | लक्ष्मण वली | सदस्य | भल्चौर स्वास्थ्यचौकी | |
| ९. | यज्ञबहादुर बस्नेत | सदस्य सचिव | स्वास्थ्य शाखा | |

**वडास्तरीय प्रतिकार्य टोली**

| वडा नं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | कविकुमार चन्द | संयोजक | |
| | लीला शर्मा | सदस्य | |
| | ठगेन्द्र नेपाली | सदस्य | |
| | खिमबहादुर रोकाय | सदस्य | |

| | | | |
|---|---|---|---|
| | आकाश चन्द | सदस्य सचिव | |
| २ | डिल्लीबहादुर के.सी. | संयोजक | |
| | डिला के.सी. | सदस्य | |
| | गीता पाण्डे | सदस्य | |
| | अस्मिता खड्का | सदस्य | |
| | वीरेन्द्र के.सी. | सदस्य सचिव | |
| ३ | सेतीराम रोकाहा | संयोजक | |
| | मनिसा रोकाय | सदस्य | |
| | अमृता रसाइली | सदस्य | |
| | सूर्य बुढाथोकी | सदस्य | |
| | पूर्णबहादुर घर्ती | सदस्य सचिव | |
| ४ | चन्द्रबहादुर रावत | संयोजक | |
| | तिलक वली | सदस्य | |
| | पुष्पा के.सी. | सदस्य | |
| | अमर चन्द | सदस्य | |
| | लक्ष्मण वली | सदस्य सचिव | |
| ५ | रामबहादुर के.सी. | संयोजक | |
| | सुनिता वली | सदस्य | |
| | पूर्ण खड्का | सदस्य | |
| | गणेशबहादुर वली | सदस्य | |
| | दीपक चन्द | सदस्य सचिव | |
| ६ | दुर्गाबहादुर मल्ल | संयोजक | |
| | पूर्णिमा राना | सदस्य | |
| | सृष्टि के.सी. | सदस्य | |
| | रोहित के.सी. | सदस्य | |
| | ओम प्रकाश वि.क. | सदस्य सचिव | |

**७. प्रस्ताव नं. ७** माथि छलफल गर्दा मिति २०७६।०८।१९ गते कार्यपालिकाबाट निर्णय भई इलाका प्रहरी कार्यालय दार्माका लागि आवश्यक जग्गा दान गर्नका लागि सूचना आह्वान भएकोमा कसैको पनि निवेदन पर्न नआएको हुँदा पूर्वमा गाड्गेको खोला, पश्चिममा वोजारी, दक्षिणमा दुबाडडाँडा/हितानापाखा र उत्तरमा दार्मा टाकुरी चारकिल्ला तोकी चारकिल्लाभित्र रहेका जग्गाधनीहरुलाई कम्तिमा ३ रोपनी जग्गादान गर्न पुनः सूचना प्रकाशित गरी आह्वान गर्ने निर्णय गरियो ।